# को हो सत्य ईश्वर ?

लेखक

अतीकुर्रहमान मु.इदरीस खान मक्की

संशोधक

मुहम्मद इदरीस सलफी

# من هو الإله الحق ؟

تأليف
عتيق الرحمن محمد إدريس خان مكي

المراجعة
محمد إدريس سلفي

بسم الله الرحمن الرحيم


## सर्वाधिकार लेखकमा सुरक्षित छ ।



To connect Author: 0501372254

للتواصل مع المؤلف: 0501372254

लेखकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४



प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.

नि:शुल्क वितरणको लागि मात्र


## पुस्तक पाइने ठेगाना -:


□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका

व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)

सम्पर्क नं. ००९७७९८१९४३७७५८

सउदी नं. 00966-0501372254

□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरूमाथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसैमाथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

# ﷽

प्रस्तुत पुस्तिकामा मैले सत्य ईश्वरको बारेमा केही लेख्ने प्रयास गरेको छु र सत्य ईश्वर को हो यस कुरालाई प्रमाणहरू द्वारा सिद्ध गरेछु, साथै यसबारे समस्त शंकास्पद प्रश्न र त्यसको उत्तर पनि वर्णन गर्ने प्रयास गरेछु। म अल्लाहसित यो याचना गर्दछु कि अल्लाह मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै मेरो पाठकवर्गसित सादर अनुरोध छ कि यस लेखमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा सम्पर्क गरेर त्यससित हामीलाई अवगत गराइदिएमा तपाईको आभारी हुनेछु।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ। र अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन्। अल्लाहसित विन्ती छ कि हे अल्लाह मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गर र मेरो स्वर्गीय आमा बाजेका पापहरुलाई क्षमा गरी उनीलाई स्वर्गमा उच्च स्थान प्रदान गर र उनीलाई नर्कको

आगोबाट बचाएर हामीहरुको सफिारिशी बनाऊ ।
(आमीन)

**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
**विद्यार्थी एम.ए.: उम्मुल् कुरा विश्वविद्यालय**
**पवित्र मक्का सउदी अरब**
email- atiqkhannp1982@yahoo.com
**सम्पर्क नं.** ००९७७९८१९४३७७५८
**सउदी मो. न.** 00966-0501372254

बिस्मिल्लाहिर्रहमानिर्रहीम

# संसारमा पाइने केही प्रमुख आस्थाहरूको झलक

यस संसारमा विभिन्न प्रकारका मान्छेहरू बस्छन्, र विभिन्न प्रकारका आस्था र धर्महरूमा विश्वास राख्छन् । कतिपय मान्छेहरू समस्त वस्तुलाई नै ईश्वर मान्छन्, त कतिपयले मात्र संभूतिलाई ईश्वर ठान्छन्, त कतिपयले असंभूतिलाई ईश्वर मानी पूजा गर्छन् । त कतिपयले आगोलाई ईश्वर मान्छन्, त कतिपयले तीनलाई ईश्वर मान्छन्, अनि कतिपयले मात्र एक ईश्वरमा विश्वास राख्छन् । अनि कतिपय यस्ता नास्तिकहरू पनि छन् जुन ईश्वरलाई मान्दैनन्, त कतिपयले ईश्दूतलाई नै ईश्वर भन्छन्, त कतिपयले सर्वगदूतलाई ईश्वर मानी पूज्दछन् ..... आदि ।

तर ईश्वर वास्तवमा छ कि छैन, यदि छ भने कसको ईश्वर सत्य हो ? र कसको धर्म सत्य हो? र कसको धर्म सत्य ईश्वरतर्फ आमन्त्रित गर्छ ? यसै कुरालाई प्रष्ट पार्ने प्रयास म यस किताबमा गरेको छु । मेरो अल्लाहसित प्रार्थना छ कि मलाई सत्य लेख्ने र त्यसलाई प्रमाणित गर्ने शक्ति प्रदान गरुन् (आमीन)

# ईश्वर छ कि छैन ?

सर्व प्रथम ती मान्छेहरूको आस्थालाई प्रमाणहरूको तुलामा राखी जाँच गरौं जुन यो भन्छन् कि ईश्वर छैन बरु यो समस्त ब्रह्माण्ड आफै गतिशील छ। अर्थात यसलाई सृष्टि गर्नेवाला कुनै स्रष्टा नै छैन नत यसको कुनै प्रचालक छ बरु यो ब्रह्माण्ड एक्कासी उत्पन्न भयो।

हे सर्वश्रेष्ठ जीवधारी, हे बुद्धिजीवीहरू ! के यस्तो संभव छ ? के कुनै पनि बुद्धिमान यस्तो कुरा गर्नसक्छ कि कुनै वस्तु बिना कुनै अविष्कारी अविष्कार होस् ? यदि यस्तो भनन सक्दैन भने यत्रो ठूलो ब्रह्माण्ड आफै कसरी निर्मित हुन्सक्छ ? हे नास्तिकहरू आऊ म तिमीहरूलाई सत्यबाट परिचय गराउँछु।

# ईश्वर हुनुका प्रमाणहरू

❁ ईश्वर हुनुको सबैभन्दा ठूलो प्रमाण हो हाम्रो यो शरीर र हाम्रो आत्मा । हाम्रो यस शरीरलाई कसले अविष्कार गऱ्यो ? यसमा आत्मा कसले हाल्यो ? र कसरी हाल्यो ? र किन हाल्यो ? र आत्मा के हो ? के यो शरीर आफै निर्मित भयो ? के यो आत्मा आफै निर्मित भयो ? वा कुनै शक्ति छ जुन यो सबै कार्य निरंत्रताले गरिरहेको छ ?

यो सबै प्रश्नहरूको उत्तर नास्तिकहरू संग छैन । तर प्रत्येक आस्थावान संग यसको प्रष्ट उत्तर छ त्यो हो ! कुनै वस्तु आफै निर्मित हुन्सक्दैन, जसरी कलम, मिसाइल, लूगा, जुत्ता... आदि । हामी सबैलाई यो थाहा छ कि उपरोक्तका वस्तुहरूको निर्माताहरू छन् । र जुन बुद्धिले यी वस्तुहरूको निर्माण गरेका छन् त्यस बुद्धिको निर्माता र त्यो साधनको निर्माता त्यो शक्तिशाली ईश्वर नै हुन्

जहाँले हाम्रो शरीर र आत्मालाई सृष्टि गरेका छन्। र त्यो निर्माता नै हाम्रो र सबैको ईश्वर हुन्। हाम्रा परम् दयालु ईश्वर आफ्नो अन्तिम ग्रन्थ कुरआनमा भन्छन् :

﴿ وَفِي ٱلۡأَرۡضِ ءَايَٰتٞ لِّلۡمُوقِنِينَ ٢٠ وَفِيٓ أَنفُسِكُمۡۚ أَفَلَا تُبۡصِرُونَ ٢١ ﴾ الذاريات: ٢٠ - ٢١

अर्थ : र ईमान राख्नेवालाहरूको (आस्थावानहरूको) निम्ति धरतीमा धेरै निशानीहरू छन्। र स्वयं तिम्रो व्यक्तित्वमा पनी, त के तिमीले देख्दैनौ ? । ( सूरतुज् जारियात २०,२१ )

के यी नास्तिकहरू यस कुराको जवाफ दिन्सक्छन् कि जस बद्धिले तिमीले यस कलमलाई बनाएका छौ त्यस बुद्धिलाई कसले अविष्कार गऱ्यो, र जुन माध्यमलाई तिमीले प्रयोग गरेर यसलाई त्यार पारेका छौ त्यस माध्यमलाई कसले सृष्टि गऱ्यो ? तर यिनीहरूसित यसको कुनै मान्य जवाफ छैन ।

दोस्रो कुरो के छ भने हाम्रो शरीरमा जुन आत्मा छ त्यसलाई कसले अविष्कार गऱ्यो त्यो कस्तो छ ? कसरी हाम्रो शरीरमा प्रवेश गऱ्यो र कसरी निस्कन्छ ? के त्यसलाई हाल्ने र निकाल्ने कोही छैन ?

अवश्य छ र त्यो महान शक्तिशाली नै हो जसले यस आत्मालाई जन्मायो र त्यही त्यसको अन्त गर्नुमा पनि सामर्थ्यवान छ, र त्यो शक्तिमान नै ईश्वर हो ।

❁ शिशुको जब आमाको गर्भाष्यमा उत्पात हुन्छ त्यसलाई उत्पन्न गर्नेवाला को हो ? त्यसलाई त्यस अन्धकारमा भोजन कसले दिन्छ ? र सबै भन्दा ठूलो प्रमाण के हो भने जब शिशु यस संसारमा स्वाँस लिन्छ पहिलो पटक त त्यसलाई स्वाँस लिनु को सिकाउँछ ? र जब पहिलो पटक दूध खान्छ त त्यसलाई दूध खाने विधि को सिकाउँछ ? त्यसलाई हाँस्नु रुनु दिशा पिशाब गर्नु कसले सिकायो ? र त्यस हाँसी र रुने अवस्थालाई कसले उत्पन्न गऱ्यो ? के हाँसी र रवाई आफै

उत्पन्न भए, के बच्चा आफै सबै सिक्यो? होइन बरु कुनै शक्ति छ जुन यो सबै त्यसलाई सिकाउँछ र यो सबै त्यसबाट गराउँछ, र त्यसैले त्यो सबै क्रियालाई उत्पन्न पनि गरेछ । र त्यो मात्र एउटै शक्ति हो त्यो हो ईश्वर । के यो सबै कुरा त्यस एक निराकार ईश्वरमाथि संकेत गरिरहेका छैनन् ? अवश्य यी सबै कुराहरू त्यस अविनाशी माथि संकेत गरिरहेका छन् ।

यदि यो भनियोस् कि यो कुराहरू प्राकृतिक हुन् भने मेरो प्रशनचाहिँ यो छ कि यस प्राकृतिलाई कसले अविष्कार गऱ्यो ? के कुनै उत्तर छ ? यसको मात्र एउटै उत्तर छ त्यो हो: त्यो महान शक्तिशालीले नै यस प्राकृतिको संरचना गऱ्यो जसलाई संसारवालाहरू ईश्वर भन्छन् ।

❁ महिलाहरू जुन खान्छन् अर्थात समस्त स्त्रीलिंग अथवा समस्त पोथीहरू जुन खान्छन् त्यसै भोजनबाट रगतको संचकार पनि हुन्छ र दूधको पनि र मल पनि र अरु कुराहरू पनि । त को छ जसले एउटै भोजनबाट विभिन्न प्रकारका सामग्री र

वस्तुहरू उत्पन्न गर्छ यदि दूध र रगत दुवैलाई भोजन आफै नै अविष्कार गर्छ भने पुरुष र भालेमा दूध अविष्कृत किन हुँदैन ? के कसै नास्तिकसित यसको उत्तर छ ।

❁ माहुरीले फूल खाएपछि महको उत्पात हुन्छ, तर अरुले त्यही फूल खाए पश्चात महको उत्पात हुँदैन किन ?

❁ एउटै सहजातिमा ठूलो सानो, दुब्लो मोटो, गोरो कालो, बुद्धिमान बुद्धिहीन हुन्छन् यस्तो किन ?

❁ एउटै सागर भित्र मीठो र नुनिलो जल प्रवाहित हुन्छन् र बगीरहेका हुन्छन् तर दुवै जल एकआर्कासित मिश्रित हुँदैनन्, को हो जुन दुवैलाई एकआर्कासित मिश्रित हुनुबाट जोगाउँछ ?

❁ शिशु, बोट विरुवा, चरा चुंगीलाई विस्तारै प्रगतिशील को बनाउँछ ? यस ब्रह्माण्डमा भएका समस्त जीवधारी र निर्जीवहरूको अस्तित्व मात्र यही संकेत गर्छ कि कुनै शक्ति छ जसले

यिनीहरूलाई जन्माएको छ र यिनीलाई प्रगति दिइरहेको छ । अर्थात यो संकेत गरिरहेछ कि छ कुनै महान शक्तिमान सर्वगुण सम्पन्न जुन यो सबै गरिरहेछ र त्यो महान शक्तिमान हो ईश्वर ।

# सत्य ईश्वर को हो ?

जब हामीले यो सिद्ध गरें कि ईश्वर त छदैछ त अब सर्वप्रथम हामीलाई यो ज्ञान हुनु पर्‍यो कि ईश्वरको पहिचान के हो ? कसरी हामी जानौं कि त्यो ईश्वर नै हो के त्यसका केही विशेष गुणहरू छन् ?

यस प्रश्नको उत्तरमा ध्यान दिंदाखेरि यो बुझ्नु पर्छ कि हामी पनि मानव हौं हामी पनि सृष्टि मध्येएका हौं हाम्रो मुटु के भन्छ ? के समस्त सृष्टि यो चाहदैन कि त्यसको उपासक अल्लाह ईश्वर सर्वगुण सम्पन्न र सर्वशक्तिमान होस्, र जसको अधिपत्य सबैमाथि कायम होस्, जसलाई कोही पनि पराजित गर्न नसकोस्, जुन दयावान र करुणावान होस्, साथै दोषीहरूलाई कष्टदायक सजाय दिनुमा सामर्थ्यवान होस् ...आदि ।

हो यसै कुरामा सबै आस्थावानहरूको एकमत छ र यो नै सत्य पूज्यको पहिचान हो । र

वास्तवमा ईश्वर त्यही नै हुन्सक्छ जुन सर्वगुण सम्पन्न होस् र सर्व शक्तिमान होस् र जसको अधिपत्य सबैमाथि कायम होस् । यदि यस्तो छैन भने त्यो कदापि ईश्वर हुन्सक्दैन ।

र हाम्रो अटूट विश्वास छ कि ईश्वर भन्दा शक्तिशाली कोही पनि छैन । र यसै कुरामाथि समस्त संसारका समस्त आस्थावान प्राणीहरूको दृण विश्वास छ, ती नास्तिकहरू बाहेक जुन भन्छन कि ईश्वर नै छैन बरु यो ब्रह्माण्ड आफै गतिशील छ । र यसको कुनै प्रचालक छैन यो आफै प्रचलित छ । तर यसलाई हामी अघि नै सिद्ध गरी सकेका छौं कि बिना निर्माता कुनै वस्तु निर्मित हुदैन तसर्थ यी नास्तिकहरूको कुरो अवैधानिक र अमान्य एवं निराधार छ ।

म त ती आस्थावानहरूको कुरा गरिरहेछु जुन यस ब्रह्माण्डमा सबैभन्दा अधिक मात्रामा छन् अब चाहे तिनीहरू सत्य ईश्वरमा आस्था राख्नेहरू हुन् वा असत्य ईश्वरमा । जसरी मुस्लिम, हिन्दु, ईसाई, यहूदी, बौद्ध, सिख, जैन ...... आदि ।

यी सबै कुनै नकुनै पूज्यमाथि आस्था राख्छन् यसलेगर्दा मेरो यो लेख यिनी आस्थावानहरूको बारेमा छ र यिनीहरूलाई नै अधिक लाभ पुऱ्याउने छ। साथै नास्तिकहरूलाई पनि सत्य पथको दर्शन गराउने छ।

जब हामीहरूको यस कुरामा एकमत छ कि ईश्वर सर्वगुण सम्पन्न र सर्व शक्तिमान हुनुपर्छ त यसको अर्थ के हो यस कुरामा विचार गर्नु अति आवश्यक छ।

हेर्नुस् यस कुरामा विचार गर्दाखेरि हामीलाई यो मान्नु नै पर्छ कि सर्वगुण सम्पन्न र सर्वशक्ति सम्पन्न त्यसैलाई नै भन्न मिल्छ जसको वर्चस्व सबैमाथि कायम होस्, र त्यो सबै कुरामाथि समर्थ्यवान होस्। यदि कुनै कुरामा पनि सामर्थ्य राख्दैन भने त्यो सर्व शक्तिशाली र सर्वगुण सम्पन्न हुन्सक्दैन।

अर्थात जुन सबैमाथि अधिपत्य राखोस् त्यो नै ईश्वर हो र त्यसैलाई पूज्नु हाम्रो परम् कर्तव्य हो।

अब हामीलाई यो थाहा भयो कि ईश्वर छ र सबैमाथि अधिपत्यशाली पनि छ । अब हामी आफ्नो कुरालाई अगाडी बढाऔं र यो प्रश्नको उत्तर खोजौं कि यदि ईश्वर छ र सर्व शक्तिमान पनि छ भने सत्यमा त्यो ईश्वर को हो ?

अब यस कुराको प्रारम्भ गरौं उनीहरूको कथनबाट जुन भन्छन् कि प्रत्येक वस्तु ईश्वर हो ।

यदि प्रत्येक वस्तु ईश्वर हो भने प्रत्येक वस्तुलाई सर्व शक्तिमान हुनु पर्‍यो, र प्रत्येक वस्तुको वर्चस्व सबैमाथि कायम हुनु पर्‍यो, र यो कदापि हुन्सक्दैन कि प्रतयेक वस्तुको वर्चस्व कायम होस् । किनकि एकको अधिपत्य सबैमाथि कायम भए पश्चात आर्काको अधिपत्य कायम हुनुको कुरै उठदैन । यसलेगर्दा यो आस्था निराधार छ, र असंभव पनि छ ।

**उदाहरणः** यो कुरोलाई यसरी बुझ्नुस् कि सूर्य, चन्द्र, र वायु, यी तीनवटैको वर्चस्व कसरी कायम हुनसक्छ यदि सूर्यको वर्चस्वता चन्द्र र वायुमाथि कायम छ भने सूर्य दुवैभन्दा शक्तिशाली

छ । तर यदि चन्द्रको वर्चस्व सूर्य र वायुमाथि कायम भयो भने चन्द्र सूर्य र वायु भन्दा शक्तिशाली छ । यस्तै वायुको बारेमा पनि बुझिहाल्नुस् । अर्थात तीनवटैको वर्चस्व कदापि कायम हुन्सक्दैन । तसर्थ तीनवटै वा यस जस्तै सबै वस्तु ईश्वर कसरी हुन्सक्छन् आफै विचार गर्नुस् ।

र दोस्रो कुरो के छ भने सबै वस्तु जसरी सूर्य, चन्द्र, आगो, मूर्ति, वायु, मानव, दानव, ईश्दूत, स्वर्गदूत......आदि सबै सृष्टि हुन् र सृष्टिको कुनै स्रष्टा हुन्छ जसको यी वस्तुहरू अधीन हुन्छन् र त्यसको दयाको मुखापेक्षी हुन्छन्, अनि ईश्वर कसरी हुन्सक्छन् । तसर्थ यो धारणा र आस्था प्रमाणहीन र अमान्य छ ।

अब लागौं तिनीहरूको आस्थातिर जुन भन्छन् कि अँध्यारो अथवा प्रकाश ईश्वर हो । यो आस्था पनि प्रमाणविहीन छ किनकि अँध्यारो र प्रकाश आफै अविष्कृत भएका छैनन् बरु कुनै शक्ति छ जुन अँध्यारो र प्रकाशलाई प्रकट गराउँछ । तर्सथ

अँध्यारो र उज्यालो पनि ईश्वर हुन्सक्दैनन्। अर्थात यो आस्था पनि निराधार र प्रमाणविहीन छ।

अब ती मान्छेहरूको आस्थातर्फ लागौं जुन भन्छन् कि कुनै विशेष प्राणी ईश्वर हो जसरी कुनै सन्देष्टा, मनुष्य, देवदूत, वली, राम, कृष्ण.... आदि । त यो आस्था पनि प्रमाणको तुलामा सत्य ठहर हुँदैन, किनकि यिनीहरूलाई जन्माउने कुनै महा शक्तिमान छ जुन यनीहरू भन्दा अधिक शक्तिशाली छ। र जन्मिने वस्तुबाट जन्माउनेवाला शक्तिमान हुन्छ । तसर्थ यो आस्था पनि अमान्य ठहर भयो ।

अब ती आस्थाहरूलाई हेरौं जसमा यो भनिएछ कि ईश्वर तीन छन् जस्तो कि ईसाई र हिन्दुहरूको आस्था छ।

यदि हाम्रो यो कुरोमा एकमत छ कि ईश्वर त्यही नै हुन्सक्छ जुन सबैभन्दा शक्तिशाली होस् र जसको अधिपत्य सबैमाथि कायम होस् भने तीनको वर्चस्व एकआर्का माथि कसरी सिद्ध गर्न सकिन्छ यो त असंभव छ । र हामी यसलाई अघि नै सिद्ध

गरिसकेका छौं कि तीन मध्ये सबै सर्व शक्ति सम्पन्न हुन्सक्दैनन् बरु एकको वर्चस्व सबैमाथि कायम हुनु अवश्यक छ । अनि यो आस्था पनि अमान्य र निराधार भयो । तर यदि हामी एक छिनको लागि यो मानिहालौं कि तीनवटै ईश्वर हुन्सक्छन् भने पूजा कसको गर्ने ? एउटाको पूजागर्दा आर्को रिसाउँछ, र आर्काको पूजागर्दा पहिलो रिसाउँछ। एउटा भन्छ आज सूर्यको उदय हुँदैन त आर्को रिसाई भन्छ चुप लाग आज त म वर्षा नै गराउने छु, त तेस्रोले भन्छ होइन आज त दिन नै हुँदैन यसरी संसारको संतुलन अस्तव्यस्त र छतविछत भइहाल्छ। त यस ब्रह्माण्डको संतुलन नै हामीलाई यो संकेत दिन्छ कि यसको स्रष्टा एकभन्दा हधिक छैन । किनभने ब्रह्माण्डको एक एक कण आफ्नो उचित ठाउँमा संतुलित छ यदि अलिकति यताउता भएको खण्डमा सबैको विनाश सुनिश्चित छ। त यो संतुलन हामीलाई संकेत र प्रेरणा दिन्छ कि यसको स्रष्टा ईश्वर तीन छैन बरु एउटै छ। यदि तीन ईश्वर भएको भए यो संतुलन कायम रहनु असंभव छ। जसरी एउटै राज्यको दुई

राजा हुन्सक्दैनन् त्यस्तै यो ब्रह्माण्डको दुई वा त्यसभन्दा अधिक ईश्वर हुन्सक्दैनन् । किनकि एउटा राज्यको दुई राजा भएमा राज्यको विभाजन भइहाल्छ र राज्यमा उपद्रवको सृजना हुन्छ, भने यत्रो ठूलो ब्रह्माण्डको दुई ईश्वर र शासक कसरी हुन्सक्छन् आफै विचार गर्नुस् । तसर्थ यो ब्रह्माण्ड नै आफ्नो एक मात्र स्रष्टाको सबै भन्दा ठूलो प्रमाण हो ।

अब यो प्रश्न उठछ कि यदि त्यो महान शक्तिमान ईश्वर एउटै छ भने त्यो को हो ? र त्यसको एक हुनुको प्रमाण के हो ?

त्यो ईश्वर , पूज्य, ईष्ट, अल्लाह हो यो आस्था मुसलमानहरूको हो जुन भन्छन् कि ईश्वर मात्र एउटै छ जसलाई हामी अल्लहको शुभ नामले जान्दछौं ।

अब हेरौं कि यस आस्थाका प्रमाणहरू के हुन के मुसलमानहरू पनि अरु जस्तै भ्रमित छन् वा उनीहरूसित कुनै मान्य र ठोस् प्रमाण छ ।

# सत्य ईश्वर वास्तवमा अल्लाह नै हो यस कुराका प्रमाणहरु

यस कुरामा विचार गर्दाखेरि कि के ईश्वर अल्लाह एउटै छ वा अनेकौं ? पछाडि यो सिद्ध भयो कि ईश्वर त वास्तवमा एउटै छ तर यसको प्रमाण केही त वर्णन गरें तर अरु प्रमाण प्रस्तुत छ हेर्नुस् ।

यसको प्रमाण प्रत्येक आकस्मिक ग्रन्थहरूमा वर्णन छ जसरी हिन्दुहरूको आकास्मिक ग्रन्थ ऋगवेदमा उल्लेख छ :

अर्थ : " **एउटा बाहेक अरु कुनै स्रष्टा छैन, छैन छैन कदापि छैन** "।

र यहूदीहरूको आकस्मिक ग्रन्थ तौरात अर्थात **ओल्ड टेस्टामेन्ट**मा उल्लेख छ :

अर्थ : **“हे इस्राईल सुनिहाल ! हाम्रो पालनकर्ता त्यो अल्लाह नै हो जुन मात्र एकलो छ**” । ( सफरुत् तस्निया ६/४ )

र ईसाईहरूको आकाशय ग्रन्थ इन्जील अर्थात **न्यूटेस्टामेन्ट**मा उल्लेख छ :

अर्थ : **“ईसाले शैतानसित भन्नु भयो: कि हे शैतान भागिहाल किनकि यो अंकित छ कि हाम्रो पालनकर्ता नै हाम्रो परम् पूज्य हो, तसर्थ त्यस एक अल्लाहलाई ढोग गर, र त्यसैको पूजा गर”** । ( इनजील मत्ता ७/४ , इन्जील लूका ८/४ )

र बाँकी रह्यो मुस्लिमहरूको आकस्मिक ग्रन्थ कुरआन त इस्लाममा प्रवेश हुने जुन मूलमन्त्र छ त्यो नै प्रमाणको लागि प्रयाप्त छ र त्यो मूलमन्त्र हो **“लाइलाहा इल्लल्लाह, मुहम्मदुर्रसूलुल्लाह”** ।

अर्थात: अल्लाह बाहेक कुनै सत्य पूज्य छैन, र मुहम्मद (सल्लल्लाहो अलैहे वसल्लम ) अल्लाहका संदेष्टा हुन् ।

र अरु थुप्रै प्रमाणहरू यस ग्रन्थमा छन् जसलाई म अगाडि वर्णन गर्छु ।

र यस्तै यो ब्रह्माण्डको संतुलन पनि एक ईश्वर हुनुको प्रमाण हो । र प्रत्येक वस्तु प्रमाण हो एक ईश्वरको, अर्थात यो सूर्य, चन्द्र, वायु, दिन रात्री, धरती आकाश.... आदि सबै एक ईश्वर हुनुका प्रमाण हुन् । अन्तिम आकस्मिक ग्रन्थ कुरआनमा अल्लहको फर्मान छ :

﴿ ۞ ٱللَّهُ نُورُ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِۚ مَثَلُ نُورِهِۦ
كَمِشۡكَوٰةٖ فِيهَا مِصۡبَاحٌۖ ٱلۡمِصۡبَاحُ فِي زُجَاجَةٍۖ ٱلزُّجَاجَةُ كَأَنَّهَا
كَوۡكَبٞ دُرِّيّٞ يُوقَدُ مِن شَجَرَةٖ مُّبَٰرَكَةٖ زَيۡتُونَةٖ لَّا شَرۡقِيَّةٖ
وَلَا غَرۡبِيَّةٖ يَكَادُ زَيۡتُهَا يُضِيٓءُ وَلَوۡ لَمۡ تَمۡسَسۡهُ نَارٞۚ نُّورٌ
عَلَىٰ نُورٖۚ يَهۡدِي ٱللَّهُ لِنُورِهِۦ مَن يَشَآءُۚ وَيَضۡرِبُ ٱللَّهُ ٱلۡأَمۡثَٰلَ
لِلنَّاسِۗ وَٱللَّهُ بِكُلِّ شَيۡءٍ عَلِيمٞ ٣٥ ﴾ النور: ٣٥

अर्थ : अल्लाह आकाशहरू, र धरतीहरूको प्रकाश हो। उसको प्रकाशको उदाहरण यस्तो छ कि एउटा खोपा छ, जसमा टुक्की छ र टुक्की एउटा शीशाको बट्टामा छ, र शीशा यस्तो सफा सुग्घर छ कि चम्किराखेको तारा जस्तै होस्। त्यो दियो जो पवित्र जैतूनको रुखको तेलबाट बालिन्छ, जुन रुख न पूर्वतिर छ न पश्चिमतिर छ। (यस्तो प्रतित हुन्छ कि) त्यसको तेल चाहे आगोले त्यसलाई नछोएपनि, बल्नलाई तयार छ। प्रकाशमाथि प्रकाश छ। अल्लाहले आफ्नो प्रकाशतर्फ जसलाई चाहन्छ सोझो बाटो देखाउँछ। र अल्लाह मानिसहरूको लागि उदाहरणहरू वर्णन गर्दछ। र अल्लाह प्रत्येक कुरोको अवस्था जान्दछ। ( सूरतुन्नूर ३५ )

र आर्को सूरःमा अल्लाहको वर्णन छ :

﴿ وَلِلَّهِ مُلْكُ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ ۗ وَٱللَّهُ عَلَىٰ كُلِّ
شَىْءٍ قَدِيرٌ ﴿١٨٩﴾ إِنَّ فِى خَلْقِ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ

﴿ وَٱخۡتِلَٰفِ ٱلَّيۡلِ وَٱلنَّهَارِ لَأٓيَٰتٖ لِّأُوْلِي ٱلۡأَلۡبَٰبِ ١٩٠ ﴾
آل عمران: ١٨٩ - ١٩٠

अर्थ : आकाशहरू र पृथ्वीको राज्य अल्लाहकै लागि हो र अल्लाह प्रत्येक कुरो माथि सर्वशक्ति सम्पन्न छ । नि:सन्देह आकाशमण्डल र पृथ्वीको सृष्टि र रात र दिनको चक्रमा बुद्धिमान मानिसहरूका लागि निशानीहरू छन् । ( सूरतु आले इम्रान १८९,१९० )

यस्तै वर्षा बादलको यताउता हिलडुल गर्नुमा पनि हाम्रो लागि एक अल्लाहका प्रत्यक्ष निशानी र प्रमाणहरू छन् । अल्लाहको कुरआनमा वर्णन छ :

﴿ هُوَ ٱلَّذِي يُرِيكُمُ ٱلۡبَرۡقَ خَوۡفٗا وَطَمَعٗا
وَيُنشِئُ ٱلسَّحَابَ ٱلثِّقَالَ ١٢ وَيُسَبِّحُ ٱلرَّعۡدُ بِحَمۡدِهِۦ
وَٱلۡمَلَٰٓئِكَةُ مِنۡ خِيفَتِهِۦ وَيُرۡسِلُ ٱلصَّوَٰعِقَ فَيُصِيبُ بِهَا
مَن يَشَآءُ وَهُمۡ يُجَٰدِلُونَ فِي ٱللَّهِ وَهُوَ شَدِيدُ ٱلۡمِحَالِ

﴿ لَهُۥ دَعۡوَةُ ٱلۡحَقِّۖ وَٱلَّذِينَ يَدۡعُونَ مِن دُونِهِۦ لَا يَسۡتَجِيبُونَ
لَهُم بِشَيۡءٍ إِلَّا كَبَٰسِطِ كَفَّيۡهِ إِلَى ٱلۡمَآءِ لِيَبۡلُغَ فَاهُ وَمَا هُوَ بِبَٰلِغِهِۦۚ
وَمَا دُعَآءُ ٱلۡكَٰفِرِينَ إِلَّا فِي ضَلَٰلٖ ﴾ الرعد: ١٢ - ١٤

अर्थ : त्यो अल्लाह नै हो जसले तिमीलाई चट्याङ्गको चमक भयभीत गर्न र आशा दिलाउनको लागि देखाउँछ, र भारी बादलहरूलाई उठाउँछ । बिजुलीको गर्जना उसको पवित्रताको प्रशंसा गर्दछ, र फरिश्ताहरू पनि उसको भयबाट (त्यसै गर्दैछन्) । उही चट्याङ्ग पठाउँछ, र जस माथि चाहन्छ त्यस माथि खसाल्छ । जब कि तिनीहरू (बहुदेववादी) अल्लाहको वापत झैं-झगडा गरी रहेका छन्, र अल्लाह कठोर शक्तिवाला छ । उसैलाई पुकार्नु वास्तविक सत्य छ । जुन मानिस अरुलाई उसको बदलामा पुकार्छन् तिनीहरू उनीलाई केही पनि उत्तर दिदैनन्, बरु यो उस्तै छ जस्तो कुनै व्यक्ति आफ्नो दुवै हात पानीतर्फ फैलाएको छ कि उसको मुखमा परिजाओस् जबकी त्यो पानी उसको मुखमा

जाँदैन। र काफिरहरूको गुहार सबै खेर जानछ। ( सूरतुर्रअद १२-१४ )

तर हे भाइहरू हामी अटेरी गरेर त्यसको अवज्ञा गर्छौं र त्यस बाहेक अरुलाई पूज्य बनाई पुकार्दछौं। अल्लाहको कथन छ:

﴿ وَمَا قَدَرُواْ ٱللَّهَ حَقَّ قَدۡرِهِۦ وَٱلۡأَرۡضُ جَمِيعٗا قَبۡضَتُهُۥ يَوۡمَ ٱلۡقِيَٰمَةِ وَٱلسَّمَٰوَٰتُ مَطۡوِيَّٰتُۢ بِيَمِينِهِۦۚ سُبۡحَٰنَهُۥ وَتَعَٰلَىٰ عَمَّا يُشۡرِكُونَ ٦٧ ﴾
الزمر: ٦٧

अर्थ : र उनीहरूले अल्लाहलाई जस्तो सम्मान गर्नु पर्छ गर्न सकेनन्, जबकि कयामतको दिन सम्पूर्ण धरती उसको मुट्ठीमा हुनेछ र आकाशहरू उसको दाहिने हातमा बेरिएका हुनेछन्, ऊ महान् र उच्च छ त्यस्तो प्रत्येक कुरा भन्दा जसलाई उनीहरूले उसको साझेदार ठहराउँछन्। ( सूरतुज्जुमर ६७ )

र आर्को सूरतमा अल्लाहको भनाई छ :

﴿ أَلَمْ تَرَ أَنَّ ٱللَّهَ يَسْجُدُ لَهُۥ مَن فِي ٱلسَّمَٰوَٰتِ وَمَن فِي ٱلْأَرْضِ وَٱلشَّمْسُ وَٱلْقَمَرُ وَٱلنُّجُومُ وَٱلْجِبَالُ وَٱلشَّجَرُ وَٱلدَّوَآبُّ وَكَثِيرٌ مِّنَ ٱلنَّاسِ ۖ وَكَثِيرٌ حَقَّ عَلَيْهِ ٱلْعَذَابُ ۗ وَمَن يُهِنِ ٱللَّهُ فَمَا لَهُۥ مِن مُّكْرِمٍ ۚ إِنَّ ٱللَّهَ يَفْعَلُ مَا يَشَآءُ ۩ ﴿١٨﴾ ﴾ الحج: ١٨

अर्थ : के तिमीले देखेनौ कि आकाशहरूमा भएका र पृथ्वीमा भएकाहरू सूर्य र चन्द्र र ताराहरू र पहाडहरू र रुखहरू र चौपायाहरू र धेरै जसो मानिसहरू अल्लाहलाई ढोग्दैछन् र धेरै यस्ता छन्, जसको सम्बन्धमा यातना प्रमाणित भइसकेको छ र जुन मानिसलाई अल्लाहले अपमानित गर्दछ, त्यसलाई कसैले प्रतिष्ठा प्रदान गर्नसक्दैन । नि:सन्देह अल्लाहले जे चाहन्छ, गर्दछ । ( सूरतुल् हज्ज १८ )

यस्तै बच्चालाई गर्भाष्यमा पोषण पुऱ्याउनु र त्यसलाई निरंत्रताले बढाउनु यो क्रिया पनि एक अल्लाह तर्फ संकेत दिन्छ । जस्तो कि कुरआनमा अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ إِن كُنتُمۡ فِي رَيۡبٖ مِّنَ ٱلۡبَعۡثِ
فَإِنَّا خَلَقۡنَٰكُم مِّن تُرَابٖ ثُمَّ مِن نُّطۡفَةٖ ثُمَّ مِنۡ عَلَقَةٖ
ثُمَّ مِن مُّضۡغَةٖ مُّخَلَّقَةٖ وَغَيۡرِ مُخَلَّقَةٖ لِّنُبَيِّنَ لَكُمۡۚ وَنُقِرُّ
فِي ٱلۡأَرۡحَامِ مَا نَشَآءُ إِلَىٰٓ أَجَلٖ مُّسَمّٗى ثُمَّ نُخۡرِجُكُمۡ
طِفۡلٗا ثُمَّ لِتَبۡلُغُوٓاْ أَشُدَّكُمۡۖ وَمِنكُم مَّن
يُتَوَفَّىٰ وَمِنكُم مَّن يُرَدُّ إِلَىٰٓ أَرۡذَلِ ٱلۡعُمُرِ لِكَيۡلَا
يَعۡلَمَ مِنۢ بَعۡدِ عِلۡمٖ شَيۡـٔٗاۚ وَتَرَى ٱلۡأَرۡضَ هَامِدَةٗ فَإِذَآ

أَنزَلْنَا عَلَيْهَا ٱلْمَآءَ ٱهْتَزَّتْ وَرَبَتْ وَأَنۢبَتَتْ مِن كُلِّ

زَوْجٍۭ بَهِيجٍ ﴿٥﴾ الحج: ٥

अर्थ : हे मानिसहरू ! यदि तिमीलाई (मृत्यु पश्चात) पुर्नजीवित हुने विषयमा कुनै सन्देह छ भने सोच, हामीले तिमीलाई माटोबाट सृष्टि गर्‍यौं, अनि वीर्यबाट, अनि रगतको डल्लोबाट (भ्रुण) अनि मासुको डल्लोबाट जुन आकार दिइएको थियो जसको कुनै रूप थिएन ताकि हामीले तिमीलाई स्पष्ट पारिदिउँ, र हामीले जसलाई चाहन्छौं एक निर्धारित समयसम्म आमाको पेटमा राखिरहन्छौं । अनि त्यसपछि तिमीलाई एउटा बच्चाको रूपमा दुनियाँमा ल्याउँछौं । अनि तिमीले आफ्नो युवावस्था प्राप्त गर र तिमी मध्ये कोही त पहिले नै मरिहाल्छन् र कोही बुढेसको जीर्ण अवस्थातिर लगिन्छन् । जसले गर्दा धेरै कुराको ज्ञान भएर पनि अज्ञान हुन्छन् । तिमीले देख्छौ कि जमीन सुखिसकेको बन्जर छ । फेरि जब हामीले त्यसमाथि पानी को वर्षा गराउँछौं तब त्यसमा हरियाली हुन्छ

र त्यसमा सजीवता आउँछ र यो हरेक प्रकारको रुख बिरुवाबाट शोभायमान हुन्छ। ( सूरतुल् हज्ज ५ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ خَلَقَكُم مِّن نَّفۡسٖ وَٰحِدَةٖ ثُمَّ جَعَلَ مِنۡهَا زَوۡجَهَا وَأَنزَلَ لَكُم مِّنَ ٱلۡأَنۡعَٰمِ ثَمَٰنِيَةَ أَزۡوَٰجٖۚ يَخۡلُقُكُمۡ فِي بُطُونِ أُمَّهَٰتِكُمۡ خَلۡقٗا مِّنۢ بَعۡدِ خَلۡقٖ فِي ظُلُمَٰتٖ ثَلَٰثٖۚ ذَٰلِكُمُ ٱللَّهُ رَبُّكُمۡ لَهُ ٱلۡمُلۡكُۖ لَآ إِلَٰهَ إِلَّا هُوَۖ فَأَنَّىٰ تُصۡرَفُونَ ٦ ﴾ الزمر: ٦

अर्थ : उसले तिमी सबैलाई एक ज्यान बाट सृष्टि गऱ्यो, अनि उसैबाट जोडी बनायो र उसैले तिमी्रो निम्ति चौपायामध्ये आठ जोडीहरू (भाले-पोथी) बनायो। उसैले तिम्रा आमाहरूको पेटमा एउटा आकार पछि अर्को आकारमा सृजना गर्दछ तीन-तीन अँध्याराहरूमा । उही अल्लाह तिम्रो

पालनकर्ता हो । सत्ता उसैको हो, उसबाहेक कोही सत्य पूज्य छैन । अनि तिमी कहाँ बहकी रहेका छौ ? ( सूरतुज्जुमर ६ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ يَٰٓأَيُّهَا ٱلۡإِنسَٰنُ مَا غَرَّكَ بِرَبِّكَ ٱلۡكَرِيمِ ٦ ٱلَّذِي خَلَقَكَ فَسَوَّىٰكَ فَعَدَلَكَ ٧ فِيٓ أَيِّ صُورَةٖ مَّا شَآءَ رَكَّبَكَ ٨ ﴾ الانفطار: ٦ - ٨

अर्थ : हे मानव ! कुन कुराले तिमीलाई आफ्नो उदार पालनकर्ताको विषयमा भ्रममा पारेको छ ? (त्यही हो) जसले तिमीलाई सृष्टि गर्‍यो र फेरि (तिम्रा अङ्ग-प्रत्यङ्गहरूलाई) ठीक-ठीक पारी तिमीलाई सन्तुलित बनायो । र जुन रूपमा चाह्यो, तिमीलाई जोडेर तयार गर्‍यो । ( सूरतुल् इन्फितार ६-८ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ ٱلَّذِينَ يَجۡتَنِبُونَ كَبَٰٓئِرَ ٱلۡإِثۡمِ وَٱلۡفَوَٰحِشَ إِلَّا ٱللَّمَمَۚ إِنَّ رَبَّكَ وَٰسِعُ ٱلۡمَغۡفِرَةِۚ هُوَ أَعۡلَمُ بِكُمۡ إِذۡ أَنشَأَكُم مِّنَ ٱلۡأَرۡضِ وَإِذۡ أَنتُمۡ أَجِنَّةٞ فِي بُطُونِ أُمَّهَٰتِكُمۡۖ فَلَا تُزَكُّوٓاْ أَنفُسَكُمۡۖ هُوَ أَعۡلَمُ بِمَنِ ٱتَّقَىٰٓ ٣٢ ﴾ النجم: ٣٢

अर्थ : जुन मानिसहरू ठूला-ठूला पाप र अश्लील कर्महरूबाट पन्छिन्छन्, केही साना-तिना पाप बाहेक । निश्चय नै तिम्रो पालनकता क्षमाशीलतामा बडो व्यापक छ । उसले तिमीलाई राम्ररी जान्दछ, जब उसले तिमीलाई माटोबाट सृष्टि गऱ्यो र जब तिमी आफ्ना आमाहरूको पेटमा भ्रुण अवस्थामा थियौ । तसर्थ आफ्नो मनको पवित्रताको दावी आफै नगर । उसले संयमीहरूलाई राम्ररी जान्दछ । ( सूरतुन् नज्म ३२ )

यस्तै माहुरीले जुन मह र घर बनाउँछे त्यो त्यसलाई कसले सिकायो यसमा विचार गरेमा पनि

एउटै अल्लाहको प्रमाण मिल्छ । जस्तो कि अल्लाहको कुरआनमा भनाई छ :

﴿ وَأَوْحَىٰ رَبُّكَ إِلَى ٱلنَّحْلِ أَنِ ٱتَّخِذِى مِنَ ٱلْجِبَالِ بُيُوتًا
وَمِنَ ٱلشَّجَرِ وَمِمَّا يَعْرِشُونَ ﴿٦٨﴾ ثُمَّ كُلِى مِن كُلِّ ٱلثَّمَرَٰتِ
فَٱسْلُكِى سُبُلَ رَبِّكِ ذُلُلًا ۚ يَخْرُجُ مِنۢ بُطُونِهَا شَرَابٌ
مُّخْتَلِفٌ أَلْوَٰنُهُۥ فِيهِ شِفَآءٌ لِّلنَّاسِ ۗ إِنَّ فِى ذَٰلِكَ لَءَايَةً لِّقَوْمٍ
يَتَفَكَّرُونَ ﴿٦٩﴾ وَٱللَّهُ خَلَقَكُمْ ثُمَّ يَتَوَفَّىٰكُمْ ۚ وَمِنكُم مَّن يُرَدُّ إِلَىٰٓ
أَرْذَلِ ٱلْعُمُرِ لِكَىْ لَا يَعْلَمَ بَعْدَ عِلْمٍ شَيْـًٔا ۚ إِنَّ ٱللَّهَ عَلِيمٌ قَدِيرٌ
﴿٧٠﴾ ﴾ النحل: ٦٨ - ٧٠

अर्थ : तपाईको पालनकर्ताले माहुरीलाई आदेश गऱ्यो कि पहाड़हरूमा रुखहरूमा र मानिसले बनाएका अग्ला-अग्ला निवास स्थानहरूमा चाका बनाऊ । र हरेक किसिमको फलफूल खाऊ र

आफ्नो पालनकर्ताको सरल मार्गमा हिड्ने गर। उनको पेटबाट रंग बिरंगी पिउने कुरा निस्कन्छ जसका विभिन्न रङ्गहरू हुन्छन् र त्यसमा मानिसहरूको कैयौं उपचार छ। निःसन्देह चिन्तन गर्नेहरूको निम्ति उसमा पनि ठूलो निशानी छ। अल्लाहले नै तिम्रो सृष्टि गरेको छ, अनि उसैले तिमीलाई मृत्यु दिनेछ, र तिमीहरूमध्ये केहि यस्ता छन् कि निकै कमजोर बृद्ध अवस्थामा पुग्छन् र (धेरै कुराहरू) को ज्ञान हासिल गरेपछि पनि अनभिज्ञ भइहाल्छन्। निःसन्देह अल्लाह ज्ञाता र शक्तिसम्पन्न छ। ( सूरतुन् नहल ६८-७० )

र त्यो अल्लाह सर्वशक्ति सम्पन्न र सर्वगुण सम्पन्न छ जस्तो कि वर्णन गरिएका आयतहरू ( श्लोकहरू )बाट स्पष्ट भयो । र केही अरु आयतहरू पनि हेर्नुहोस् !

कुरआनमा अल्लाहको वर्णन छ :

﴿ ٱللَّهُ لَآ إِلَٰهَ إِلَّا هُوَ ٱلۡحَيُّ ٱلۡقَيُّومُۚ لَا تَأۡخُذُهُۥ
سِنَةٞ وَلَا نَوۡمٞۚ لَّهُۥ مَا فِي ٱلسَّمَٰوَٰتِ وَمَا فِي ٱلۡأَرۡضِۗ مَن ذَا
ٱلَّذِي يَشۡفَعُ عِندَهُۥٓ إِلَّا بِإِذۡنِهِۦۚ يَعۡلَمُ مَا بَيۡنَ أَيۡدِيهِمۡ وَمَا
خَلۡفَهُمۡۖ وَلَا يُحِيطُونَ بِشَيۡءٖ مِّنۡ عِلۡمِهِۦٓ إِلَّا بِمَا شَآءَۚ
وَسِعَ كُرۡسِيُّهُ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضَۖ وَلَا يَـُٔودُهُۥ حِفۡظُهُمَاۚ
وَهُوَ ٱلۡعَلِيُّ ٱلۡعَظِيمُ ٢٥٥ ﴾ البقرة: ٢٥٥

अर्थ : अल्लाह नै वास्तवमा सत्य पूजनीय छ, उसबाहेक अरु कोही पूज्य छैन । (ऊ) सधैं जीवित रहने वाला र सबैलाई थाम्न सक्ने वाला छ । उसलाई न अल्छी लाग्छ न निद्रा आउँछ, जे जति आकाशमण्डलमा छन् र जे धरतीमा छ, सबै उसैको हो । को छ जसले उसको अनुमति बिना उसँग कसैको सिफारिश गर्न सकोस् । जे जति उनको अगाडि छ र जे जति तिनीहरू भन्दा अघि भइसकेको छ । उसलाई सबै थाहा छ, र तिनीहरूले

उसको ज्ञानको केही अंशको पनि घेराबन्दी गर्न सक्दैनन्, हो उसले चाहेको हदसम्म मात्र । उसको कुर्सीले आकाशमण्डल र धरतीलाई घेरी राखेको छ र अल्लाहले उनको रक्षा गर्नबाट थाक्दैन र नत दिक्क मान्छ । ऊ त सर्वोच्च र सबभन्दा ठूलो हो । ( सूरतुल् बकर: २५५ )

र सूरतु यूनुसमा अल्लाहको भनाई छ :

﴿ وَمَا تَكُونُ فِي شَأْنٍ وَمَا تَتْلُواْ مِنْهُ مِن قُرْءَانٍ وَلَا تَعْمَلُونَ مِنْ عَمَلٍ إِلَّا كُنَّا عَلَيْكُمْ شُهُودًا إِذْ تُفِيضُونَ فِيهِ وَمَا يَعْزُبُ عَن رَّبِّكَ مِن مِّثْقَالِ ذَرَّةٍ فِي ٱلْأَرْضِ وَلَا فِي ٱلسَّمَآءِ وَلَآ أَصْغَرَ مِن ذَٰلِكَ وَلَآ أَكْبَرَ إِلَّا فِي كِتَٰبٍ مُّبِينٍ ٦١ ﴾ يونس: ٦١

अर्थ : र तिमी जुन सुकै अवस्थामा हुन्छौ वा कुरआनबाट केही पाठ गर्छौ वा तिमीहरूले कुनै अन्य काम गर्दा जब त्यसमा संलग्न हुन्छौ, हामी

त्यसको जानकारी राख्दछौ र तिम्रो पालनकर्ताबाट कुनै कुरा लेस मात्र पनि लुकेको छैन। न जमीनमा, न आकाशमा र न कुनै कुरा त्यस भन्दा सानो छ वा ठूलो तर स्पष्ट किताबमा लेखिएको छ। (सूरतु यूनुस ६१)

र सूरतुल् अन्आममा अल्लाहको फर्मान छ :

﴿ وَعِندَهُۥ مَفَاتِحُ ٱلۡغَيۡبِ لَا يَعۡلَمُهَآ إِلَّا هُوَۚ وَيَعۡلَمُ مَا فِي ٱلۡبَرِّ وَٱلۡبَحۡرِۚ وَمَا تَسۡقُطُ مِن وَرَقَةٍ إِلَّا يَعۡلَمُهَا وَلَا حَبَّةٖ فِي ظُلُمَٰتِ ٱلۡأَرۡضِ وَلَا رَطۡبٖ وَلَا يَابِسٍ إِلَّا فِي كِتَٰبٖ مُّبِينٖ ٥٩ ﴾ الأنعام: ٥٩

अर्थ : र अदृश्य कुराको साँचो अल्लाहसँग छ जसको बारेमा उस बाहेक अरु कसैलाई थाहा छैन र जे-जति पृथ्वी र समुन्द्रमा छन् उसैलाई त्यसको ज्ञान छ। एउटा पात झर्दा पनि उसलाई थाहा हुन्छ र पृथ्वीको अँध्यारोमा कुनैदाना उसको जानकारी बिना झर्दैन कुनै हरियो, सुकेको कुरा जे-

जति छन् सबै स्पष्ट रूपले किताबमा ( लौहेमहफूजमा) छन् । ( सूरतुल् अन्आम ५९ )

र सूरतु लुकमानमा अल्लाहको भनाई छ :

﴿ يَٰبُنَيَّ إِنَّهَآ إِن تَكُ مِثۡقَالَ حَبَّةٖ مِّنۡ خَرۡدَلٖ فَتَكُن فِي صَخۡرَةٍ أَوۡ فِي ٱلسَّمَٰوَٰتِ أَوۡ فِي ٱلۡأَرۡضِ يَأۡتِ بِهَا ٱللَّهُۚ إِنَّ ٱللَّهَ لَطِيفٌ خَبِيرٞ ١٦ ﴾ لقمان: ١٦

अर्थ : (लुक्मानले भने कि) प्यारो छोरा ! यदि कुनै कुरा रायोको दाना बराबर होस् र त्यो कुनै चट्टानको बीचमा होस् वा आकाशहरूमा वा धरतीमा होस्, अल्लाहले त्यसलाई उपस्थित गर्नेछ । नि:सन्देह अल्लाह अत्यन्त सूक्ष्मदर्शी (र) ज्ञानी पनि छ । ( सूरतु लुकमान १६ )

र यस्तै अल्लाहको अन्तिम ग्रन्थ कुरआनमा अरु श्लोकहरू छन् जुन त्यस अल्लाहलाई सत्य पूज्य प्रमाणित गर्छन्, र यो प्रमाणित गर्छन् कि त्यो

एकलै छ त्यस बाहेक कोही ईश्वर छैन जसरी हेर्नुस् !

अल्लाहको भनाई छ :

﴿ فَاطِرُ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِۚ ﴾ الشورى: ١١

अर्थ : ऊ आकाशहरू र धरतीको स्रष्टा हो । ( सूरतुश्शुरा ११)

र आर्को सूरतमा अल्लाहको भनाई छ :

﴿ إِنَّمَآ إِلَٰهُكُمُ ٱللَّهُ ٱلَّذِي لَآ إِلَٰهَ إِلَّا هُوَۚ وَسِعَ كُلَّ شَيۡءٍ عِلۡمٗا ٩٨ ﴾ طه: ٩٨

अर्थ : वास्तविक कुरा यो हो कि तिम्रो सत्य पूज्य अल्लाह नै हो, जस बाहेक अरु कोही सत्य पूजनीय छैन, उसको ज्ञान सबै कुरा माथि हावी छ । ( सूरतु ताहा ९८ )

र आर्को सूरतमा अल्लाहको भनाई छ :

﴿ وَإِلَٰهُكُمْ إِلَٰهٌ وَاحِدٌ ۖ لَّا إِلَٰهَ إِلَّا هُوَ الرَّحْمَٰنُ الرَّحِيمُ ﴿١٦٣﴾ ﴾ البقرة: ١٦٣

अर्थ : तिमीहरूसबैको पूज्य मात्र एउटै अल्लाह हो । उस बाहेक कोही सत्य पूजनीय छैन । ऊ अत्यन्त दयालु र असीम कृपालु छ । ( सूरतुल् बकर: १६३ )

र आर्को सूरतमा अल्लाहको भनाई छ :

﴿ يَا أَهْلَ الْكِتَابِ لَا تَغْلُوا فِي دِينِكُمْ وَلَا تَقُولُوا عَلَى اللَّهِ إِلَّا الْحَقَّ ۚ إِنَّمَا الْمَسِيحُ عِيسَى ابْنُ مَرْيَمَ رَسُولُ اللَّهِ وَكَلِمَتُهُ أَلْقَاهَا إِلَىٰ مَرْيَمَ وَرُوحٌ مِّنْهُ ۖ فَآمِنُوا بِاللَّهِ وَرُسُلِهِ ۖ وَلَا تَقُولُوا ثَلَاثَةٌ ۚ انتَهُوا خَيْرًا لَّكُمْ ۚ إِنَّمَا اللَّهُ إِلَٰهٌ وَاحِدٌ ۖ سُبْحَانَهُ أَن يَكُونَ

لَهُۥ وَلَدٌۘ لَّهُۥ مَا فِى ٱلسَّمَٰوَٰتِ وَمَا فِى ٱلْأَرْضِۗ وَكَفَىٰ بِٱللَّهِ
وَكِيلًا ﴿١٧١﴾ النساء: ١٧١

अर्थ : हे अहले किताब ! (यहूदी-ईसाई) आफ्नो धर्मको सीमोल्लङ्घन नगर र अल्लाहको बारेमा सत्य बाहेक अरु केही न भन । मरियमका छोरा ईसा मसीह(अलैहिस्सलाम) (न त अल्लाह थिए न अल्लाहका छोरा बरु) अल्लाहका रसूलमात्र र उसको पवित्र सन्देश वाहक मात्र थिए, जो अल्लाहको वाणीबाट पैदा भए जसलाई अल्लाहले मरियमलाई प्रदान गरेको थियो र उसको तर्फबाट पठाईएका एउटा रूह (आत्मा) थिए, तसर्थ तिमीहरूल अल्लाह र उसका सबै रसूलहरू माथि आस्था राख र न भन कि अल्लाह तीन वटा छन् र यो धारणाबाट टाढा रह किनकि तिम्रो निम्ति यही नै राम्रो छ । अल्लाह एउटै मात्र पूजनीय छ र यो कुरासँग उसको कुनै सम्बन्ध छैन कि उसका सन्तान छन् । जे जति आकाशहरूमा र जमिनमा

छन् सबै उसैको हुन् र अल्लाह नै संरक्षक स्वरूप प्रयाप्त छ। (सूरतुन् निसा १७१ )

यस्तै आर्को सूरतमा अल्लाहको भनाई छ :

﴿ لَّقَدْ كَفَرَ ٱلَّذِينَ قَالُوٓا۟ إِنَّ ٱللَّهَ ثَالِثُ ثَلَٰثَةٍۘ وَمَا مِنْ إِلَٰهٍ إِلَّآ إِلَٰهٌ وَٰحِدٌۚ وَإِن لَّمْ يَنتَهُوا۟ عَمَّا يَقُولُونَ لَيَمَسَّنَّ ٱلَّذِينَ كَفَرُوا۟ مِنْهُمْ عَذَابٌ أَلِيمٌ ﴿٧٣﴾ أَفَلَا يَتُوبُونَ إِلَى ٱللَّهِ وَيَسْتَغْفِرُونَهُۥۚ وَٱللَّهُ غَفُورٌ رَّحِيمٌ ﴿٧٤﴾ ﴾ المائدة: ٧٣ - ٧٤

अर्थ : नि:सन्देह ती मानिसहरू पनि काफिर हुन् जसले भन्दछन् कि अल्लाह तीन मध्येको एक हो, जब कि वास्तवमा अल्लाह बाहेक अरु कोही उपासना योग्य छैन। यदि यी मानिसहरू यस्ता भनाई अथवा विश्वास परित्याग गर्दैनन् भने तिनीहरूमध्ये जो अवज्ञाकारी हुने छन् तिनीहरूलाई कष्टदायक सजाय अवश्य हुनेछ। (तसर्थ)

यिनीहरूले अल्लाहको अगाडि किन नतमस्तक हुँदैनन् र किन आफ्ना त्रुटिहरूका लागि क्षमा माँग्दैनन् । अल्लाह त ठूलो क्षमा प्रदान गर्नेवाला कृपालु छ । ( सूरतुल् माइदः ७३,७४ )

र आर्को सूरतमा अल्लाहको भनाई छ :

﴿ قُلۡ أَيُّ شَيۡءٍ أَكۡبَرُ شَهَٰدَةٗۖ قُلِ ٱللَّهُۖ شَهِيدُۢ بَيۡنِي وَبَيۡنَكُمۡۚ وَأُوحِيَ إِلَيَّ هَٰذَا ٱلۡقُرۡءَانُ لِأُنذِرَكُم بِهِۦ وَمَنۢ بَلَغَۚ أَئِنَّكُمۡ لَتَشۡهَدُونَ أَنَّ مَعَ ٱللَّهِ ءَالِهَةً أُخۡرَىٰۚ قُل لَّآ أَشۡهَدُۚ قُلۡ إِنَّمَا هُوَ إِلَٰهٞ وَٰحِدٞ وَإِنَّنِي بَرِيٓءٞ مِّمَّا تُشۡرِكُونَ ١٩ ﴾ الأنعام: ١٩

अर्थ : तपाईले भन्नुस् कि गवाही दिने सबभन्दा ठूलो कुरा के हो । भन्नुस् अल्लाह नै मेरो र तिम्रो बीचमा साक्षी छ र यो कुरआन ममाथि यस कारणले उतारिएको हो कि यसबाट तिमीलाई र जुन-जुन मानिससम्म यो पुग्न सक्तछ ती सबैलाई डर देखाऊँ । के तिमी साँच्चै साक्षी बन्नेछौ कि अल्लाहको साथमा अरु कोही पूजनीय

छन् ? (हे मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम) भनिदिनुस् कि म यस्तो साक्ष्य दिन्न । भनिदिनुस् कि मात्र उही नै एउटा पूजा योग्य छ र जसलाई तिमीहरूले उसको साझेदार ठहराउँछौं, तिनीहरूबाट म निःसन्देह मुक्त छु । ( सूरतुल् अन्आम १९ )

र यस्तै आर्को सूरतमा अल्लाहको भनाई छ :

﴿ هَٰذَا بَلَٰغٌ لِّلنَّاسِ وَلِيُنذَرُوا۟ بِهِۦ وَلِيَعْلَمُوٓا۟ أَنَّمَا هُوَ إِلَٰهٌ وَٰحِدٌ وَلِيَذَّكَّرَ أُو۟لُوا۟ ٱلْأَلْبَٰبِ ۝٥٢ ﴾ إبراهيم: ٥٢

अर्थ : यो ((कुरआन)) समस्त मानिसहरूलाई जानकारी पत्र छ कि यसको माध्यमबाट उसले उनीहरूलाई सावधान गरोस् र राम्रोसंग जानी लेउन्, कि अल्लाह मात्र एउटै मअ्बूद (पूजनीय) छ र त्यसबाट ज्ञानीहरूले सोच समझ गर्न सकुन् । ( सूरतु इब्राहीम ५२ )

र आर्को सूरतमा अल्लाहको भनाई छ :

﴿ إِلَٰهُكُمْ إِلَٰهٌ وَٰحِدٌ ﴾ النحل: ٢٢

अर्थ : तिमी सबैको पूजनीय एक मात्र अल्लाह हो... । ( सूरतुन् नहल २२ )

र आर्को सूरतमा अल्लाहको भनाई छ :

﴿ قُلْ إِنَّمَآ أَنَا۠ بَشَرٌ مِّثْلُكُمْ يُوحَىٰٓ إِلَيَّ أَنَّمَآ إِلَٰهُكُمْ إِلَٰهٌ وَٰحِدٌ فَمَن كَانَ يَرْجُوا۟ لِقَآءَ رَبِّهِۦ فَلْيَعْمَلْ عَمَلًا صَٰلِحًا وَلَا يُشْرِكْ بِعِبَادَةِ رَبِّهِۦٓ أَحَدًا ﴿١١٠﴾ ﴾ الكهف: ١١٠

अर्थ : तपाई भनिदिनुस् कि म त तिमीहरू जस्तै एउटा मानिस हूँ तर हो मतिर "वह्य" अवतरित गरिन्छ कि सबैको पूजा योग्य त्यही एउटै पूजनीय छ। अनि जुन मानिसले आफ्नो आराध्यसँग साक्षात्कारको आशा राख्दछ त्यसलाई आवश्यक छ कि असल कर्म गरोस् र आफ्नो पालनकर्ताको पूजामा अरु कसैलाई साझेदार नबनोओस् । ( सूरतुल् कहफ ११० )

र आर्को सूरतमा अल्लाहको भनाई छ :

﴿ قُلْ إِنَّمَا يُوحَىٰٓ إِلَيَّ أَنَّمَآ إِلَٰهُكُمْ إِلَٰهٌ وَٰحِدٌ ۖ فَهَلْ أَنتُم مُّسْلِمُونَ ﴿١٠٨﴾ ﴾ الأنبياء: ١٠٨

अर्थ : भनिदिनुस् "मेरो पासमा "वह्य" ( अल्लाहको संदेश) आउँछ कि तिम्रो पूज्य एउटै छ त के तिमी उसको आज्ञा पालन गर्नेवाला छौ ? ( सूरतुल् अंबिया १०८ )

﴿ وَلِكُلِّ أُمَّةٍ جَعَلْنَا مَنسَكًا لِّيَذْكُرُوا۟ ٱسْمَ ٱللَّهِ عَلَىٰ مَا رَزَقَهُم مِّنۢ بَهِيمَةِ ٱلْأَنْعَٰمِ ۗ فَإِلَٰهُكُمْ إِلَٰهٌ وَٰحِدٌ فَلَهُۥٓ أَسْلِمُوا۟ ۗ وَبَشِّرِ ٱلْمُخْبِتِينَ ﴿٣٤﴾ ﴾ الحج: ٣٤

अर्थ : र हामीले प्रत्येक समुदायको लागि कुर्बानीको तरिका निर्धारित गरेका छौं ताकि अल्लाहले जुन पशुहरू उनीहरूलाई दिएको छ त्यसमाथि, (हलाल गर्ने बेला) अल्लाहको नाम लेउन्

। अतः बुझिराख तिम्रो पूज्य एउटै छ। तसर्थ उसैको आज्ञाकारी बन र विनम्रता अपनाउनेहरूलाई शुभ-सूचना सुनाई दिनु। ( सूरतुल् हज्ज ३४ )

र आर्को सूरतमा अल्लाहको भनाई छ :

﴿ قُلْ إِنَّمَآ أَنَا۠ بَشَرٌ مِّثْلُكُمْ يُوحَىٰٓ إِلَىَّ أَنَّمَآ إِلَٰهُكُمْ إِلَٰهٌ وَٰحِدٌ فَٱسْتَقِيمُوٓا۟ إِلَيْهِ وَٱسْتَغْفِرُوهُ ۗ وَوَيْلٌ لِّلْمُشْرِكِينَ ۝٦ ﴾ فصلت: ٦

अर्थ : भनिदिनुस् “म तिमी जस्तै एउटा मानिस हूँ। मतिर वह्य अवतरण गरिन्छ कि तिम्रो सबैको पूज्य अल्लाह एउटै हो, तसर्थ तिमी सोझै उसैतिर प्रवृत्त होऊ, र उसैसित पापको क्षमायाचना गर र यी मुश्रिकहरूको लागि ठूलो विनाश छ। ( सूरतु फुस्सिलत ६ )

र यस जस्ता अरु थुप्रै प्रमाणहरू कुरआनमा वर्णन छन् जसबाट यो स्पष्ट हुन्छ कि ईश्वर मात्र एउटै छ र त्यो सत्य ईश्वर अल्लाह हो ।

अब जब यो सिद्ध भयो कि अल्लह नै सत्य ईश्वर हो र त्यो मात्र एउटै छ  त्यसको कोही साझीदार र समक्षी छैन । त इस्लाम धर्म जुन यस आस्था र धारणालाई मान्छ र त्यसैतर्फ सबैलाई आमन्त्रित गर्छ त्यो पनि सत्य नै ठहर हुन्छ, र त्यसलाई सत्य नै मान्नु पर्छ । किनकि अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱلدِّينَ عِندَ ٱللَّهِ ٱلۡإِسۡلَٰمُۗ ﴾ آل عمران: ١٩

अर्थ : नि:सन्देह अल्लाहको नजिक इस्लाम नै (साँचो) धर्म हो .. । ( सूरतु आले इम्रान १९ )

र आर्को श्लोकमा अल्लाहको वर्णन छ :

﴿ وَمَن يَبۡتَغِ غَيۡرَ ٱلۡإِسۡلَٰمِ دِينٗا فَلَن يُقۡبَلَ مِنۡهُ وَهُوَ فِي ٱلۡأٓخِرَةِ مِنَ ٱلۡخَٰسِرِينَ ٨٥ ﴾ آل عمران: ٨٥

अर्थ : जुन मानिस इस्लाम बाहेक कुनै अन्य धर्मको खोजी गर्दछ भने उसको धर्म स्वीकार गरिने छैन र उसले आखिरतमा घाटामा पर्ने मध्येको हुनेछ । ( सूरतु आले इम्रान ८५ )

र यसबारे अधिक ज्ञानको लागि मैले लेखेको किताब **इस्लाम विश्व व्यापी धर्म**को अध्यन गर्नुहोस् ।

जब हामीमाथि यो प्रष्ट भयो कि ईश्वर एउटै छ र सत्य धर्म पनि एउटै छ त हाम्रो अब के कर्तब्य हुनुपर्छ ?

हे भाइहरू हो ! अब हाम्रो यो परम् कर्तब्य हो कि हामी त्यस एक सर्व शक्तिमान र सर्वगुण सम्पन्न अल्लाह माथि आस्था राख्ने प्रयत्न गरौं । र मात्र त्यसैको पूजा अराधना गरी आफ्नो लोक

परलोकको जीवनलाई सफल बनाऔं । र आफ्नो जीवन सफल बनाई स्वर्गको अभिलाषी बनौं ।

हे भाइ ! सत्य जाने पश्चात सत्यलाई न अपनाउनु बरु त्यसलाई नकार्नु, यस्तै सुमार्ग पाए पश्चात कुमार्गमा हिंड्नु घोर र जघन्य अपराध हो । यसलेगर्दा हामी आफै आफूलाई विनाशमा नपारौं, बरु त्यसै एक अल्लाहको पूजा अराधना गरौं, जस बाहेक कुनै सत्य पूज्य छैन । त्यो अल्लाह नै मात्र एउटा सत्य पूज्य हो तसर्थ त्यसको निर्देशहरूबाट मुख नफर्काऊ नत्र तिम्रो कल्याण कहिले पनि संभव छैन । र जस जसलाई तिमीहरू पूजी रहेका छौ ती सबै मिलेर तिमीलाई कुनै हानि र लाभ पुऱ्याउन सक्दैनन् । हानि र लाभ त मात्र अल्लाहकै हातमा छ त्यो अल्लाह जसलाई चाहन्छ सुगमता प्रदान गर्छ, र जसको लागि चाहन्छ त्यसको जीविका संकुचित गरिदिन्छ । त्यसबाट प्रश्न गर्नेवाला कोही छैन, त्यसको अधिपत्य सबैमाथि कायम छ । त्यो जसलाई चाहन्छ प्रतिष्ठा प्रदान गर्छ, र जसलाई चाहन्छ अपमानित गरिदिन्छ । जसलाई चाहन्छ सम्मान प्रदान गर्छ, र जसलाई

चाहन्छ दण्डित गर्छ। र जसमाथि आफ्नो अनुग्रह अवतरित गर्न चाहन्छ त्यसलाई सुमार्गमा सुदृढ गरिदिन्छ, र जसलाई अपमानित गर्न चाहन्छ त्यसलाई भ्रमित गरिदिन्छ। त्यसको कोही समक्षी छैन कि त्यससित कुनै प्रश्न गर्न सकोस् त्यो एउटा मात्र सर्वशक्ति सम्पन्न छ। त्यसको भयबाट आकाश धरती, सूर्य चन्द्र, मानव दानव, ईश्दूत स्वर्गदूत ...... सबै कम्पित छन्, र यसको साक्षात दर्शन तिमीहरू पनि महा प्रलयको दिन हेर्ने नै छौ। तसर्थ सबै मोहमाया छाडी त्यसै एक अल्लाह तर्फ दतचित्त होऊ र उसैको प्रसन्नता प्राप्त गर्ने प्रयास गर र उसको अन्तिम धर्म र अन्तिम ग्रन्थ र अन्तिम सन्देष्टामाथि ईमान ल्याई स्वर्गमा जाने सुअवसर प्राप्त गर।

अन्तमा अल्लाहसित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन्। र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभान्वित हुने सुअवसर प्रदान गरुन्। र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन्। र हाम्रा निःसंतान दाजुभाइ र

दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा प्रेणित गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति र भक्ति प्रदान गरी आफ्नो दयाले स्वर्ग प्रदान गरुन् । ( आमीन )

समाप्त

꧁꧂

लेखक

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
**विद्यार्थी एम.ए.: उम्मुल् कुरा विश्वविद्यालय**
**पवित्र मक्का सउदी अरब**
email- atiqkhannp1982@yahoo.com
**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न.** 00966-0501372254